## सेवा करारमा पदपूर्ती सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७४/०९/२० गते**

यस माई नगरपालिकाको लागि देहाय बमोजिमका पदहरुमा २०७५ साल आषाढ मसान्तसम्मको लागि करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट माई नगरपालिकाद्वारा स्वीकृत दरखास्त फारम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रीतपूर्वकको दरखास्त फाराम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| वि.नं. | पद/श्रेणी | सेवा/समूह | पद संख्या | न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम | तलव स्केल (मासिक) | उमेरको हद (दरखास्त दिने अन्तिम मिति सम्ममा) | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| ०२-०७४/७५ | सूचना प्रविधि अधिकृत (IT Officer)/अधिकृत छैठौं स्तर (LGCDP कार्यक्रम तर्फको) | विविध | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer Information and Communication Technology वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc IT, Bsc CSIT, B.Ed. ICT वा विज्ञान(Physical) मा स्नातक गरी स्वीकृत संस्थाबाट सिस्टम एनालिस डिजाइन र सफ्टवेयर डेभलपमेन्टमा कम्तिमा ९ (नौ) महिनाको डिप्लोमा प्राप्त। | शैक्षिक योग्यता, कार्यअनुभव र स्थायी ठेगानाको आधारमा मूल्याङ्कन गरी सूचिकृत गरिनेछ र सूचिकृत उम्मेदवार मध्येबाट अन्तरवार्ताको माध्यमद्धारा छनौट गरिनेछ | रु. ४२,५००/- | २१ वर्ष पूरा गरी ४० वर्ष ननाघेको | रु. १०००/- |
| ०३-०७४/७५ | अनमी चौथो | स्वास्थ्य | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरी काउन्सिल दर्ता प्रमाण पत्र लिएको (SBAतालिम लिएकालाई प्राथमिकता ) | लिखित परीक्षा र अन्तर्वार्ता | नेपाल सरकारले तोकेको समान पदको न्यूनतम | १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको | रु. ४००/- |
| ०४-०७४/७५ | कार्यालय सहयोगी | स्वास्थ्य | १ | SLC/SEE उत्तीर्ण | अन्तर्वार्ता | रु. ११,०००/- | १८ वर्ष पूरा गरी ३५ वर्ष ननाघेको | रु. ३००/- |

१. दरखास्त दिने स्थानः माई नगरपालिकाको कार्यालय, शितली, इलाम।

२. दरखास्त दिने अन्तिम मितिः यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टसम्म।

३. सम्पर्क मितिः दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट र सो दिन सार्वजनिक विदा परेमा त्यसपछिको कार्यालय खुल्ने पहिलो दिन।

४. काम गर्नुपर्ने स्थानः नगरपालिका क्षेत्रभित्र।

५. दरखास्त फाराम यस माई नगरपालिकाको कार्यालय र वेवसाइट http://maimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

६. दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरुः नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाण पत्र, अनुभवको प्रमाण पत्रको प्रतिलिपि उम्मेदवार स्वयले प्रतिलिपि प्रमाणित गरि पेश गर्नुपर्नेछ। (विदेशी वोर्डबाट उत्तीर्ण भई शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ।)

७. दरखास्त दस्तुर वापतको रकम यस नगरपालिकाको कार्यालयमा बुझाई सो को सक्कल रसिद दरखास्त फाराम साथ राख्नुपर्नेछ।

८. सम्झौता र कार्य शुरु गर्नुपर्ने मितिः छनौट भएको उम्मेदवार र माई नगरपालिका बीच करार सेवा कार्य गर्न छनौट भएको मितिबाट ७ दिन भित्र सम्झौता गरी कार्य आरम्भ गर्नुपर्नेछ। सो मिति भित्र संझौता गर्न नआएमा त्यसपछिको योग्यताक्रम भएका उम्मेदवारसँग सम्झौता गरिनेछ।

९. IT Officer को अन्तर्वार्ता हुने मिति र समय Short List को नतिजासँगै प्रकाशन गरिनेछ। Short List मा छनौट भएका उम्मेदवारहरुले थप २ प्रति फोटो सहित प्रवेश पत्रको लागि सम्पर्क राख्नु पर्नेछ।

१०. अ.न.मी. र कार्यालय सहयोगी पदको परिक्षाको मिति सम्पर्क मितिको दिन तोकिनेछ।

# माई नगरपालिकाको सेवा करारमा पदपूर्ती सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७४/०९/२० गते**

करुणा फाउण्डेसनको सहकार्यमा यस माई नगरपालिकाको लागि देहाय बमोजिमका पदहरुमा २०७५ साल आषाढ मसान्तसम्मको लागि करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेको **सम्बन्धित क्लष्टरको नेपाली नागरिक**हरुबाट माई नगरपालिकाद्वारा स्वीकृत दरखास्त फारम भरी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र रीतपूर्वकको दरखास्त फाराम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| वि.नं. | पद/श्रेणी | पद संख्या | न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम | तलब स्केल (मासिक) | उमेरको हद (दरखास्त दिने अन्तिम मिति सम्ममा) | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|
| ०१-०७४/७५ | समुदायमा आधारित पुनर्स्थापन सहजकर्ता | ५ | प्रविणता प्रमाण पत्र तह उत्तीर्ण (कक्षा १२) | लिखित तथा अन्तर्वार्ता | १५०००/- | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको महिलाको हकमा ४० वर्ष | ४००/- |

१. दरखास्त दिने स्थानः माई नगरपालिकाको कार्यालय, शितली, इलाम।
२. दरखास्त दिने अन्तिम मितिः यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टसम्म।
३. लिखित परीक्षा मितिः २०७४/०९/२७ गते विहीबार दिनको ११ बजे।
४. काम गर्नुपर्ने क्षेत्रः सम्बन्धित क्लष्टर क्षेत्र भित्र।
५. दरखास्त फाराम यस माई नगरपालिकाको कार्यालय र वेवसाइट http://maimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।
६. दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरुः नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाण पत्र, अनुभवको प्रमाण पत्रको प्रतिलिपि उम्मेदवार स्वयले प्रतिलिपि प्रमाणित गरि पेश गर्नुपर्नेछ। (विदेशी वोर्डबाट उत्तीर्ण भई शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ।)
७. दरखास्त दस्तुर वापतको रकम यस नगरपालिकाको कार्यालयमा बुझाई सो को सक्कल रसिद दरखास्त फाराम साथ राख्नुपर्नेछ।
८. सम्झौता र कार्य शुरु गर्नुपर्ने मितिः छनौट भएको उम्मेदवार र माई नगरपालिका बीच करार सेवा कार्य गर्न छनौट भएको मितिबाट ७ दिन भित्र सम्झौता गरी कार्य आरम्भ गर्नुपर्नेछ। सो मिति भित्र संझौता गर्न नआएमा त्यसपछिको योग्यताक्रम भएका उम्मेदवारसँग सम्झौता गरिनेछ।

**९. क्लष्टरहरु**

| क्लष्टर नं | माई नपाका वडाहरु | आवश्यक संख्या |
|---|---|---|
| १ | वडा नं. १ | १ (एक) |
| २ | वडा नं २ र ३ | १ (एक) |
| ३ | वडा नं ४ र ५ | १ (एक) |

| क्लष्टर नं | माई नपाका वडाहरु | आवश्यक संख्या |
|---|---|---|
| ४ | वडा नं. ८ | १ (एक) |
| ५ | वडा नं. ९ र १० | १ (एक) |

प्राथमिकताः अपाङ्गता भएको व्यक्ति (शारिरिक र मानसिक रुपले काम गर्न कुनै अवरोध नभएको) वा अपाङ्गता भएको व्यक्तिको परिवार, स्वास्थ्य र अपाङ्गताको क्षेत्रमा काम काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान भएको।

नोटः लिखित तथा अन्तर्वार्तामा स्वास्थ्य, अपाङ्गता र समसामयिक विषय क्षेत्रसंग सम्बन्धित प्रश्नहरु सोधिनेछन्।